पाठ ३६

२. जब मोसाले सिनाई पर्वतको टाकुरामा परमेश्वरसँग कुरा गरिरहेका थिए तल फेदीमा इज्रेलीहरूले के गरिरहेका थिए ?

- इज्रेलीहरूले सुनका बाच्छा बनाए र त्यसैको पूजा गर्न थाले ।

२. के परमेश्वरलाई इज्रेलीहरूले सुनको बाच्छो पूजेको थाहा थियो ?

- थाहा थियो ।

३. के परमेश्वर इज्रेलीहरूसँग रिसाउनुभयो ?

- रिसाउनु भएको थियो ।
- परमेश्वर इज्रेलीहरूसँग यति धेरै रिसाउनु भएको थियो कि उहाँले तिनीहरूको सर्वनाश गर्ने मन गर्नुभयो ।

५. परमेश्वरले किन सबै इज्रेलीहरूको विनाश गर्नुभएन ?

- किनभने मोसाले परमेश्वरसँग तिनीहरूको विनाश नगर्नुहोस् भनी बिन्ती गरे ।

६. मोसा जब सिनाई पर्वतको फेदीमा पुगे तब तिनले के गरे ?

- मोसा इज्रेलीहरूसँग धेरै रिसाएका थिए त्यसैले तिनले परमेश्वरले दिनुभएका आज्ञाहरू लेखिएका दुईवटा पाटीहरू फ्याँकेर फुटाइदिए ।

७. के इज्रेलीहरूले परमेश्वरले भन्नुभएजस्तै गरी ठ्याक्कै पाल नबनाएको भए के परमेश्वरको महिमाले पाल भरिन्थ्यो ?

- भरिदैनथ्यो ।

८. के इज्रेलीहरूले परमेश्वरलाई तिनीहरूको आफ्नै तरिकाले भेटिरहेका थिए ?

- थिएनन् ।

९. इज्रेलीहरूले परमेश्वरसम्म पुग्ने एउटा मात्रै बाटो के थियो ?

- परमेश्वरको बाटो ।

१०. परमेश्वरको बाटो हामी कसरी थाहा पाउन सक्छौं ।
- परमेश्वरको पुस्तक बाइबलद्वारा ।

- परमेश्वरले मोसालाई मिश्रीहरूको दासत्वबाट इज्रेलीहरूलाई मुक्त गर्न छान्नुभयो ।

- मोसा परमेश्वरका दूत पनि थिए ।

- जब परमेश्वर इज्रेलीहरूसँग कुरा गर्न चाहनुहुन्थ्यो उहाँ मोसासँग कुरा गर्नुहुन्थ्यो र मोसा त्यो कुरा इज्रेलीहरूलाई भन्थे ।

- परमेश्वरले मोसालाई उहाँले इज्रेलीहरूलाई भन्न चाहेको कुरा भन्नको लागि निर्देशन दिनुभयो ।

- परमेश्वरले मोसालाई उहाँले लेखाउन चाहेको कुरा पनि लेख्न लगाउनुभयो ।

- परमेश्वरको पुस्तकका पहिला पाँचवटा पुस्तकका लेखक मोसा हुन् ।

- के लेख्नुपर्ने हो भनी मोसालाई कसरी थाहा भयो ?

- तिनले के लेख्नुपर्ने हो भनी मोसालाई परमेश्वरले निर्देशन दिनुभयो ।

- इज्रेलीहरूले मिश्र छोडे र तिनीहरू मरूभूमिको बाटो हुँदै यात्रा गरिरहेका थिए ।

- जब तिनीहरू मरुभूमिको बाटो यात्रा गरिरहेका थिए तिनीहरूलाई बाटो कसरी थाहा भयो ?

- तिनीहरूलाई परमेश्वरले अगुवाइ गर्नुभयो ।

आउनुस् प्रस्थान ४०:३६-३८ पद पढौं ।

[36] जब बादल पवित्र पालबाटमाथि उठ्थ्यो इस्राएलीहरूले आफ्नो यात्रा शुरू गर्थे। [37] तर जब बादल
पवित्र पालबाटमाथि उठ्दैनथ्यो भने मानिसहरू हिंड्ने चेष्टा गर्दैनथे। तिनीहरू बादल माथि
नउठुन्जेलसम्म एकैठाउँमा बसिरहन्थे। [38] यसर्थ दिउँसो पवित्र पालमाथि परमप्रभुको बादल रहन्थ्यो
अनि राती बादलमा आगो देखिन्थ्यो। यसर्थ जब यात्रा गर्थे समस्त इस्राएलीहरू बादल देख्न सक्थे।

- जब परमेश्वर इज्रेलीहरू रोकिएको चाहनुहुन्थ्यो तब बादल अडिन्थ्यो ।

- जब परमेश्वर इज्रेलीहरू अगाडि बढून् भनी चाहनुहुन्थ्यो तब बादल हिँड्थ्यो ।

- परमेश्वरले इज्रेलीहरूलाई दश आज्ञाहरू दिइसकेपछि र तिनीहरूले परमेश्वरको निम्ति पाल बनाइसकेपछि परमेश्वरले बादल उचाल्नुभयो ।

- परमेश्वरले इज्रेलीहरूलाई कता अगुवाइ गरिरहनुभएको थियो ।

- परमेश्वरले इज्रेलीहरूलाई कनानतिर अगुवाइ गरिरहनुभएको थियो, त्यो त्यही भूमि थियो जो भूमि दिनेछु भनेर परमेश्वरले तिनीहरूका पुर्खा अब्राहामलाई प्रतिज्ञा गर्नुभएको थियो ।

- इज्रेलीहरू बादललाई पछ्याइरहेका थिए र परमेश्वरले तिनीहरूलाई कनानको सीमानातिर अगुवाइ गरिरहनुभएको थियो ।

- जब इज्रेलीहरू कनानको सीमानामा आइपुगे परमेश्वरले मोसालाई के गर्न भन्नुभयो ?

आउनुस् गन्ती १३:१-२ पद पढौं ।

परमप्रभुले मोशालाई भन्नुभयो, [2] “केही मानिसहरूलाई कनान देशको जासूस गर्नु पठाऊ। त्यही भूमि म इस्राएलका मानिसहरूलाई दिनेछु। बाह्र कुल समूहहरूको प्रत्येक कुलसमूहबाट एकजना नायक पठाऊ।”

- परमेश्वरले मोसालाई बाह्रै कुलबाट एकएक जना छानेर उक्त देशको भेद लिन पठाउनू भन्नुभयो ।
- मोसाले परमेश्वरले भन्नुभएको कुरा माने र बाह्र जना मानिसलाई कनान देशको भेद लिन पठाउनुभयो ।

आउनुस् गन्ती १३:३ पद पढौं ।

[3] यसकारण मोशाले परमप्रभुको आज्ञा पालन गरे। पारान मरुभूमिमा मानिसहरू छाउनी हालेर बसेको समय मोशाले यी नायकहरू पठाए।

- बाह्र जना मानिसलाई कनान देशको भेद लिन पठाउनुभन्दा पहिले मोसाले तिनीहरूलाई के भने ?

आउनुस् गन्ती १३:१७-२१ पद पढौं ।

[17] यद्यपि तिनीहरूलाई कनान देश जासूस गर्न पठाउँदा मोशाले भन्यो, “तिमीहरू पहाडतिर जाऊ।
[18] अनि हेर, भूमि हेर्दा कस्तो देखिन्छ। त्यहाँ बस्ने मानिसहरू बलिया छन् अथवा दुर्वल, अथवा
कम्ती छन् अथवा ठूलो जनसँख्यामा तिनीहरू बस्ने जग्गा राम्रो छ अथवा खराब, हेर र बुझ।

कस्तो शहरमा तिनीहरू बसेका छन्? [19] तिनीहरू राम्रो कि नराम्रो छन्? तिनीहरू कस्तो किसिमका शहर भित्र बस्छन्? शहरहरू अत्यन्तै सुरक्षित छन्। तिनीहरू खुल्ला गाउँहरूमा बस्छन् अथवा किल्लाहरूमा बस्छन् हेर? [20] अनि जमीन मलिलो छ वा रूखा छ, त्यहाँ रूखहरू छन् कि छैनन्? त्यस भूमिबाट केही फलहरू ल्याउनु जतिसक्दो कोशिस गर।" (त्यस समय दाखको प्रथम उलको कटनीको समय थियो।)

[21] यसकारण तिनीहरू सीनको मरुभूमि देखि रहोबद्वारा लेबो हमात तिर चढे अनि त्यस भूमिको जाँज गरे।

- चालिसौं दिनको अन्तमा ती बाह्रजना मानिसहरू कनानको भूमिको भेद लिएर फर्किए ।

- फर्केर आएपछि ती बाह्रजना मानिसले कनानको बारेमा के भने भन्ने कुरा यहाँ लेखिएको छ ।

आउनुस् गन्ती १३:२७-२९ पद पढौं ।

[27] तिनीहरूले मोशालाई भने, "हामीलाई तपाईंले पठाउनु भएको भूमिमा गयौं। साँच्चै नै यो भूमि दूध र मह बगिरहेको भूमि रहेछ। अनि त्यस भूमिबाट हामीले ल्याएको फलहरू यी नै हुन्। [28] जो मानिसहरू त्यस भूमिमा बसेकाछन् तिनीहरू बलिया छन् अनि शहरहरू अत्यन्तै विशाल र पर्खालले घेरिएका छन्। त्यहाँ हामीले अनाकको सन्तानहरू अनाकीहरूलाई पनि देख्यौं। [29] नेगेव भूमिमा अमालेकीहरूले बसो-बास गरेको पायौं भने पहाडी क्षेत्रमा हित्ती, यबूसी अनि एमोरीहरू, अनि समुद्रको किनार र यर्दन नदीको किनारमा कनानीहरू बसो-बास गर्दा रहेछन्।"

- कनानको देश दूध र मह बहने देश थियो ।

- यो भूमि अग्ला र बलिया मानिसले भरिएको मुलुक पनि थियो ।

- कनान देशका शहरहरू बलिया थिए र ती शहरहरूलाई अग्ला पर्खालले घेरेका थिए ।

- कनान देशको भद लिन गएका बाह्रमध्ये दश जना मानिसले परमेश्वरमा विश्वास गरेनन् ।

- दशजना मानिसहरू जसले परमेश्वरमा विश्वास गरेनन् तिनीहरूले फर्केर आएर इज्रेलीहरूलाई के भने ?

आउनुस् गन्ती १३:३१-३३ पद पढौं ।

[31] तर मानिसहरू जो ऊसित गएका थिए भने, "तिनीहरू माथि आक्रमण गर्नु हामी सक्षम हुनेछैनौं किनभने तिनीहरू हामी भन्दा बलिया छन्।" [32] यसकारण तिनीहरूले त्यस भूमिको विषयमा खोजी गरेर नैराश्यपूर्ण वृतान्त इस्राएली मानिसहरूको निम्ति ल्याएका थिए। तिनीहरूले भने, "त्यस

भूमिमा धेरै बलिया-बलिया मानिसहरू रहेछन् र त्यस भूमिमा जाने कुनै पनि मानिसहरूलाई तिनीहरूले सजिलै जित्न सक्छन्। [33] हामीले त्यहाँ नपीलीहरू अनाकका सन्तान देख्यौं र तिनीहरूको अगाडी हामीहरू त मसिनो फट्यांग्राहरू झैं देखिन्थ्यौं। साँच्चै तिनीहरूको सामुन्ने हामी फट्यांग्राहरू झैं लाग्थ्यौं।"

- परमेश्वरमा विश्वास नभएका दशजना मानिसहरू किन कनान प्रवेश गर्न चाहदैनथे ?

- ती दशजना मानिसहरू कनानमा बसोबास गर्ने अग्ला र बलिया मानिसहरू देखेर डराएका थिए ।

- ती दशजना मानिसहरूलाई परमेश्वर कनानका मानिसहरूलाई पराजित गर्न सक्नुहुन्छ भन्ने कुरामा विश्वास थिएन ।

- त्यसैले ती दशजना मानिसहरूले इज्रेलीहरूलाई कनानमा प्रवेश गर्नु हुँदैन भने ।

- बाह्रजना मध्ये त्यहाँ दुईजना थिए जसले परमेश्वरमा विश्वास गरे ।

- तिनीहरूको नाउँ कालेब र यहोशू थियो ।

- कालेब र यहोशूले इज्रेलीहरूलाई के भने ?

आउनुस् गन्ती १३:३० पद पढौं ।

[30] त्यसपछि कालेबले मोशाकै नजीक मानिसहरूलाई शान्त गराएर भने, "हामी त्यहाँ तुरून्त जानु पर्छ र यसलाई लिनु पर्छ। किनभने निश्चय नै त्यसमाथि हामीले विजय हासील गर्नेछौं।"

- कालेब र यहोशू किन कनान प्रवेश गर्न चाहन्थे ?

- कालेब र यहोशू कनानमा बसोबास गर्ने अग्ला र बलिया मानिसहरू देखेर डराएका थिएनन् ।

- कालेब र यहोशूले परमेश्वरले कनानका मानिसहरूलाई पराजित गर्न सक्नुहुन्छ भनी विश्वास गरे ।

- कालेब र यहोशूले इज्रेलीहरूलाई तिनीहरूले परमेश्वरको आज्ञा मान्नुपर्छ र कनानमाथि चढाइ गर्न जानुपर्छ भने ।

- के इज्रेलीहरूले परमेश्वरमा विश्वास नगर्ने ती दश जनाको कुरा सुने वा परमेश्वरमा विश्वास गर्ने कालेब र येहोशूको कुरा सुने ?

आउनुस् गन्ती १४:१-४ पद पढौं ।

सबै मानिसहरू छाउनीभित्र त्यस रातभरि कराई कराई रोइ रहे। [2] इस्राएलका सबै मानिसहरूले मोशा र हारूनको विरूद्धमा गनगनाए। सबै मानिसहरूले तिनीहरूलाई भने, "यदि हामी मिश्रदेशमा नै अर्थात् यो मरुभूमिमा मरेको भए राम्रो हुनेथियो। [3] किन परमप्रभुले हामीलाई लडाईमा तरवारले काटी मार्न त्यस भूमिमा लैजानु हुँदैछ? हाम्रा जहान बालबच्चाहरू पनि लूटिने समान झैं लूटमा पक्रा पर्नेछन्। हामीलाई मिश्र देशमा फर्किनु नै असल हुन्छ।"

[4] तिनीहरूले एक अर्कामा भने, "एकजना अगुवा चुनौं र मिश्रदेश फर्कौं।"

- इज्रेलीहरूले ती दशजना मानिसहरूको कुरा जसले परमेश्वरमा विश्वास गरेनन् र तिनीहरू कनानको भूमिमा जान चाहेनन् ।

- कालबे र येहोशूले एकपटक फेरि इज्रेलीहरूलाई यसो भन्छन् ।

आउनुस् गन्ती १४:६-९ पद पढौं ।

[6] नूनको छोरो यहोशू र यपून्नेको छोरो कालेब भूमिको जाँच गर्न जानेहरू मध्ये दुइजना थिए तिनीहरूले लुगाहरू च्याते मानिसहरूले गनगन गरेकोमा तिमीहरूले दुःख देखाए। [7] यहोशू र कालेबले इस्राएलका सम्पूर्ण समुदायलाई भने, "यो भूमि जसलाई हामीले जाँच गर्यौं त्यो धेरै राम्रो भूमि छ। [8] यदि परमप्रभु हामीसित सन्तुष्ट हुनु भए उहाँको अगुवाईमा हामीलाई त्यस भूमीमा पुर्याउनु हुनेछ अनि त्यो दूध र मह बग्ने भूमि हामीलाई दिनु हुनेछ। [9] यसर्थ परमप्रभु-विरूद्ध बिलाप नगर, त्यस भूमिका मानिसहरूसित नडराऊ किनभने हामी तिनीहरूलाई सजिलै जित्नेछौं। तिनीहरूको सुरक्षा तिनीहरूबाट हरण गरिएको छ। तर हामीसित भने परमप्रभु हुनुहुन्छ, तिनीहरूसित नडराऊ।"

- कालेब र यहोशूले इज्रेलीहरूलाई परमेश्वरको आज्ञा उल्लङ्घन नगरौं भनी बिन्ती गरे ।

- कालेब र यहोशूले इज्रेलीहरूलाई परमेश्वर कनानीहरूलाई पराजित गर्न सक्षम हुनुहुन्छ भनी सम्झाए ।

- के इज्रेलीहरू कनानको भूमि चढाइ गर्न सहमत भए ?

आउनुस् गन्ती १४:१०क पद पढौं ।

[10] तर त्यहाँ भएका सबै मानिसहरूले यहोशू र कालेबलाई ढुङ्गाले हिर्काएर मार्ने सल्लाह गरे।

- इज्रेलीहरू अझै पनि कनान जान चाहदैनथे ।
- इज्रेलीहरू अझै पनि परमेश्वरको आज्ञा पालन गर्न चाहदैनथे ।

- इज्रेलीहरू कालेब, यहोशू र मोसालाई ढुङ्गाले हानेर मार्न चाहन्थे ।

- के परमेश्वरलाई इज्रेलीहरू के भनिरहेका थिए त्यो थाहा भयो ?
- थाहा भयो ।

- इज्रेलीहरू कनानमा जान चाहने छैनन् भन्ने परमेश्वरलाई थाहा थियो ?
- थाहा थियो ।

- के परमेश्वरलाई इज्रेलीहरूले परमेश्वर कनानीहरूलाई पराजित गर्न सक्षम हुनुहुन्छ भन्ने विश्वास गर्ने छैनन् भन्ने थाहा थियो ।
- थाहा थियो ।
- के परमेश्वरलाई इज्रेलीहरूले उहाँले तिनीहरूलाई कनानको भूमि फिर्ता दिन्छु भनी गर्नभएको प्रतिज्ञामा विश्वास गर्नेछैनन् भनी थाहा थियो ?
- थाहा थियो ।
- कनानको भूमि फिर्ता दिन्छु भनी उहाँले गर्नुभएको प्रतिज्ञामा इज्रेलीहरूले विश्वास गर्ने छैनन् भनी परमेश्वरलाई थाहा थियो ।

- हामीले परमेश्वरमा विश्वास गर्दैनौं भने हामी परमेश्वरलाई के भनीरहेका हुन्छौं ?
- एक झूठ व्यक्ति ।

- इज्रेलीहरूले परमेश्वरको सन्देशमा विश्वास गरेनन् ।
- इज्रेलीहरू परमेश्वरलाई झूठ व्यक्ति भनिरहेका थिए ।

- यहाँ परमेश्वरले के भन्नुभयो भन्ने कुरा लेखिएको छ ।

आउनुस् गन्ती १४:२६-३२ पद पढौं ।

26 परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, 27 “मेरो विरूद्धमा यी दुष्ट मानिसहरूले कहिले सम्म
नालिश गरिरहने। इस्राएलका मानिसहरूले मेरो विरूद्धमा लगाएको नालिश मैले सुनेको छु।
28 तिनीहरूलाई भनी देऊ, ‘जस्तो म जिवित छु परमप्रभु भन्नुहुन्छ तिमीहरूले परमप्रभुको विरोधमा
जे जति भनेका थियौ ती सब पूर्ण गरी दिनेछु। तिमीहरूलाई जे गर्नेछु त्यो यही हो। 29 तिमीहरूको
बीचमा प्रत्येक व्यक्ति जो बीस बर्ष अथवा वेशी उमेरको छ अनि मेरो मानिस भनी गन्ती भएको
थियो, त्यो यही मरुभूमिमा मर्नेछ। तिमीहरूले म परमप्रभुको विरूद्ध नालिश गर्यौं। 30 यसर्थ
तिमीहरू मध्ये त्यो मैले दिन्छु भनी प्रतिज्ञा गरेको भूमिमा कोही पनि पस्न पाउने छैन्। केवल
यपून्नेको छोरो कालेब र नूनको छोरो यहोशू त्यो भूमिमा पस्नेछन्। 31 तिमीहरूले नालिश गर्यौ कि
त्यो नयाँ भूमिमा तिमीहरूका शत्रुहरूले तिमीहरूका नानीहरू खोसेर लैजानेछन्। तर म तिमीहरूलाई

भन्छु कि म ती नानीहरू ल्याउनेछु र तिनीहरूले त्यसभूमिमा ती चीजहरू आनन्दले उपभोग गर्नेछन जुन तिमीहरूले अस्वीकार गर्यौ। [32] तर तिनीहरूको निम्ति तिमीहरू यही मरुभूमिमा नै मर्ने छौ।

- किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे त्यसैले को मात्रै कनानमा जाने वाला थियो ?
- केवल कालेब, येहोशू र इज्रेलीहरूका छोराछोरीहरू ।

- किनभने इज्रेलीहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे त्यसैले परमेश्वरले तिनीहरूलाई कसरी सजाय दिनुभयो ?

- तिनीहरू कनान जान नपाउने भए ।

- तिनीहरू सबै मरुभूमिमा नै मर्ने भए ।

- उहाँमा विश्वास नगर्नेहरूलाई परमेश्वरले सधैं ती सबैलाई मृत्युको दण्ड दिनुहुन्छ ।

- नोआको समयमा मानिसहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे र त्यसैले परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड दिनुभयो ।

- सदोम र गमोराका मानिसहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे र परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड दिनुभयो ।

- फारो र मिश्रीहरूले परमेश्वरमा विश्वास गर्न अस्वीकार गरे र परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड दिनुभयो ।

- जसले परमेश्वरमा विश्वास गर्न अस्वीकार गर्नेछन् तिनीहरूलाई उहाँले अनन्त अग्निको दहको मृत्युको सजाय दिनुहुनेछ ।